आज मिति २०८१।०७।३० गते शुक्रबारका दिन यस नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय सरमथली रसुवाको गाउँपालिकाका अध्यक्ष श्री नुर्बु स्याङबो घलेज्यूको अध्यक्षतामा ३६औं कार्यपालिकाको बैठक तपसिलका सदस्यहरूको उपस्थितमा तपसिल बमोजिमका निर्णयहरु सर्वसम्मत निर्णय गरियो।

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नुर्बु स्याङबो घले | अध्यक्ष | |
| २ | चन्द्र बहादुर ग्लान | उपाध्यक्ष | |
| ३ | कान्छा तामाङ | वडा अध्यक्ष - १ | |
| ४ | डावु ग्याल्बो थोक्रा | वडा अध्यक्ष — २ | |
| ५ | नोकेन्द्र देव तामाङ मोक्तान | वडा अध्यक्ष — ३ | |
| ६ | ज्ञानी वाईवा | वडा अध्यक्ष — ४ | |
| ७ | श्याम बहादुर थिङ | वडा अध्यक्ष — ५ | |
| ८ | यो नुर्पु तामाङ | वडा अध्यक्ष — ६ | |
| ९ | सानु कान्छी सुनार | कार्यपालिका सदस्य | |
| १० | कालि माया तामाङनि | कार्यपालिका सदस्य | |
| ११ | जोमसाङ तानाङनी | कार्यपालिका सदस्य | |
| १२ | अनिता घले | कार्यपालिका सदस्य | |
| १३ | गणेशमान घले | कार्यपालिका सदस्य | |
| १४ | सुमिना नेपाली | कार्यपालिका सदस्य | |
| १५ | नविन गिरी | सचिव | |

CS CamScanner

निर्णयहरू

निर्णय नं १

प्रदेश लोक सेवा आयोगको च. नं. १४७ मिति २०८१।०७।२१ को माग आकृति फाराम पठाउने सम्बन्धी पत्र प्राप्त भएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरबन्दीहरू मध्ये तपसिल बमोजिम रिक्त पदहरू पूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा पठाउने निर्णय गरियो।

तपसिल

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समुह | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सहायक | ५ तह | प्रशासन | सामान्य प्रशासन | ४ | |
| २ | सहायक | ५ तह | इन्जिनियरिङ्ग | सिभिल | १ | |
| ३ | सहायक | ५ तह | स्वा. से. | हे.ई. | २ | |

निर्णय नं २

नौकुण्ड गाउँपालिका, रसुवा भित्र रहेको चौरी गोठहरू (बालुवा, बक्सर र नौकुण्ड गाउँपालिकाको केन्द्रबाट २०(बीस) किलोमिटर भन्दा बढी रहेको) क्षेत्रमा पशु खोप कार्यक्रम सञ्चालन प्रयोजनमा कामकाज गर्न जाने कर्मचारीहरूलाई नियमानुसार दैनिक भ्रमण भत्ता दिने निर्णय गरियो।

निर्णय नं ३

प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालनको लागि तल उल्लखित योजनाहरुलाई संचालन गर्ने र सूचिकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकता क्रम मार्फत गराउने निर्णय गरियो।

वडा नं. १

मानेखोला देखि ब्राम्राङ हुदै अरुखर्कसम्म सडक नाली तथा सोलिङ निर्माण ।

आरुखर्क लाङबु सडक सोलिङ तथा नाली निर्माण।

वडा नं.२

वतिगाङ देखि ढोका भन्ज्याङसम्म सडक सोलिङ तथा नाली निर्माण ।

वडा नं. ३

जामुने खोला नया बस्ति, प्याकुरेल टोल हुँदै रिजाल घर जाने गोरेटो बाटो निर्माण ।

वडा नं. ४

आकासदेवी देउराली डांडा ग्राम्चेत सिन्तानटोल हुँदै बेङ्करडांडा जाने गोरेटो निर्माण ।

वडा नं. ५

समिनबोट हुँदै बैटोल जोड्ने PCC गोरेटो बाटो, खाल्चेत हुँदै लामाटोल जोड्ने गोरेटो बाटो निर्माण ।

वडा नं. ६

वालागाङ डाडाँ देखि छामगाङसम्म गोरेटो बाटो निर्माण

निर्णय नं. ४

सुचिकृत बेरोजगार व्यक्तिको तपसिल नामावलीलाई अनुमोदन गर्ने र सूचिकृत बेरोजगारको वडागत प्राथमिकता क्रमको आधारमा रोजगार दिने निर्णय गरियो।